# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ

गण्डकी प्रदेश नेपाल

पत्र संख्याः २०७५/०७६(शिक्षा) मिति २०७५।०७।२९

च. नः २४३

**बिषयः सामुदायिक विद्यालयहरूलाई प्रस्तावना पेश गर्ने वारेको सूचना ।**

श्री सामुदायिक माध्यमिक विद्यालय सवै ।

जैमिनी नगरपालिका, कुश्मीसेरा बागलुङ ।

प्रस्तुत बिषयमा आ.व. २०७५/०७६ को विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि मिति २०७५/०८/२८ गते भित्रमा प्रस्तावना पत्र पेश गर्नका लागि यस नगरपालिका भित्रका सम्पूर्ण माध्यमिक विद्यालयहरूलाई यो सूचना जारी गरिएको छ । म्याद नाघेपछि प्राप्त प्रस्तावना उपर आवश्यक कार्वाही नगरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

तपसिल

१. माध्यमिक विद्यालयमा पुस्तकालय स्थापन तथा व्यवस्थापन - ४ वटा
२. शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग अनुदान – २ वटा
३. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान – ३ वटा
४. पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण – ३ वटा

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावना पत्रका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू र सर्तः

१. विद्यालयले प्राप्त गर्न चाहेको कार्यक्रमको अलग अलग प्रस्तावना पत्र पेश गर्नु पर्नेछ ।
२. विगत वर्षहरूमा प्राप्त नभएको कार्यक्रम हुनु पर्नेछ ।
३. वि.व्य.स. गठन भएको हुनु पर्ने र वि.व्य.स. को निर्णय प्रतिलिपी अनिवार्य हुनु पर्नेछ ।
४. पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना प्रविधिका लागि अलग्गै कक्षाकोठा र शौचालयका लागि विद्यालयमा तोकिए वमोजिम जग्गाको व्यवस्था हुनु पर्नेछ ।
५. सम्वन्धित वडा कार्यालयको सिफारिस हुनु पर्नेछ ।

पुनश्चः यस प्रकारको कार्यक्रम विगत वर्षहरूमा सवै माध्यमिक विद्यालयहरूले प्राप्त गरिसकेको भएमा ६-८ कक्षा संचालन भएका आधारभुत विद्यालयहरू लाई प्रस्तावना पत्रका आधारमा विद्यालय छनौट गरिनेछ ।

बोधार्थ

श्री स्रोतव्यक्ति ज्यु

कुश्मीसेरा, दमेक, राङखानी र वेलवगर स्रोतकेन्द्र, बागलुङ - विद्यालयहरूलाई सूचना गरि आवश्यक सहजीकरण गर्नुहुन ।

श्री सूचना प्रविधि अधिकृत, जैमिनी नगरपालिका - नगरपालिकाको website मा upload गरिदिनु हुन ।



Email: www.jaiminimun.gov.np Phone: 068-421100